# दलित विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु

शैक्षिक योजना तथा व्यावस्थापन विभाग अन्तर्गत स्नातकोत्तर
तह एम.एड.दोस्रो वर्षको (Ed 598) आवश्यकत्ता पूरा
गर्नको लागि तयार पारिएको

**शोध पत्र**

शोधार्थी
देवकुमार राई
एम.एड.: दोस्रो वर्ष
क्याम्पस रोल नं : १०६
रजिष्ट्रेसन नं. : ५७७१६८८
परीक्षा रोल्नं :२१४०००२०
त्रि.वि.दर्ता नं. ९६/२०६९/७०

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यावस्थापन विभाग
ईन्द्रपुर, मोरङ
२०६९,चैत्र

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अर्न्तगत स्नात्तकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्ने हेतुले भोजपुर जिल्लाको बालंखा र बयाङ स्रोत केन्द्रको नि.मा.वि.तहमा "**दलित विद्यार्थीहरुको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरु**" सम्वन्धि यो शोध पत्र  प्रस्तुत गरिएको छ। यस प्रयत्नवाट मुख्यत दलित विद्यार्थीहरुको सिकाई उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु पत्ता लगाई निराकरणका लागि सुझाव दिएकाले दलित विद्यार्थीहरुको अवस्थालाई राष्ट्रिय तहमा समेत आकलन गर्न मद्दत पुऱ्याउने अपेक्षा राख्न सकिन्छ।

यो शोध पत्र तयार पार्ने क्रममा शोध प्रस्ताव तथा शोध पत्र लेखनका लागि निकट रही निरन्तर रुपमा सल्लाह, सुझाव र मार्ग निर्देशनका साथै शोधपत्र तयार गर्ने सीप प्रदान गर्दै उत्प्रेरणा दिई सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु विभागीय प्रमुख एवम् स्नातकोत्तर कार्यक्रम संयोजक उप प्राध्यापक लक्ष्मीकुमार क्षेष्ठ ज्यू, शोध निर्देशक भोजराज घिमिरे ज्यू, तथा शोध पत्र तयार पार्ने क्रममा सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय गुरुहरु उप प्राध्यापक गणेश प्रसाद दाहाल ज्यू, श्री खगेन्द्र प्र.लुईटेल ज्यू, श्री केशवराज भट्टराई ज्यूप्रति हार्दिक कृतज्ञता व्याक्त गर्दछु। यसरी नै नमुना छनौटमा परेका मा.वि., नि.मा.वि.का प्र.अ.ज्यूहरु शिक्षक ज्यूहरु, अभिभावक ज्यूहरु, विद्यार्थी भाईवहिनीहरु, स्थानीय वुद्धिजिवी, समाजसेवी, वि.व्या.स.का पदाधिकारीहरु द्रित्तिय तथ्यांक उपलब्ध गराउन सहयोग गर्नुहुने जिल्ला शिक्षा कार्यालयका कर्मचारी मित्रहरु सवैमा धन्यवाद टक्राउद व्याक्त गर्दछु।

अन्त्यमा यस शोधलाई कम्प्यूटर टाईप गरी अन्तिम रुप दिन सहयोग पुऱ्याउनु हुने स्वागत कम्प्युटर सेन्टर विराटचौक साथै शोध पत्र तयार पार्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने प्रति हार्दिक आभार व्यक्त गर्दछु।

शोधार्थी
देवकुमार राई

// "शोध सार" heading plus abstract body
# शोध सार

विभिन्न किसिमका जातजाति मध्ये दलित जाति कामी, दमाई र सार्कीको सामाजिक, आर्थिक र शैक्षिक जीवन अत्यन्तै पिछडिएको पाईन्छ त्यसैले “**दलित विद्यार्थीहरुको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरु**” को विश्लेषणात्मक रुपमा शोधपत्रलाई लेखाजोखा गरिएको छ ।

यो अनुसन्धानमा गुणात्मक र परिमाणात्मक मिश्रित ढांचाको प्रयोग गरिएको छ । दलित विद्यार्थीहरुको सिकाई उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु पत्ता लगाउने क्रममा भोजपुर जिल्लाका वालांखा र बयांग स्रोतकेन्द्रका विद्यालयहरु मध्ये छ वटा विद्यालयहरु छनौट गरी ८कक्षाको परीक्षाको ३ वर्षको नतिजा, विभिन्न अभिलेख, प्रश्नावली, अन्तरवार्ताको विश्लेषणवाट आएका समस्याहरुलाई निराकरणका उपायहरु समेत सिफारिस गरिएको छ ।

यस अध्ययनका मुख्य मुख्य प्राप्तीहरु विद्यालयको औसत सिकाई उपलब्धिको तुलनामा दलित विद्यार्थीको सिकाई उपलब्धि न्यून रहेको छ । कुनै पनि विद्यालयमा दलित विद्यार्थीहरुले उच्चतम प्राप्तांक पाउन सकेको छैन । दलित विद्यार्थीहरुको उत्तीर्ण दर अन्यको तुलनामा कमी रहेको छ । विषयगत शिक्षक तथा तहगत शिक्षक पूरा नहुनु सिकाई उपलब्धि न्यून हुनुको कारण हो । दलित विद्यार्थीहरुका अधिकांश अभिभावकहरु गरिविको चपेटामा परेका हुदा उनीहरुले आफ्ना छोराछोरीहरुको अध्ययनमा यथोचित सहयोग पुऱ्याउन नसकेको देखियो । दलित विद्यार्थीले आवश्यकता अनुसार पाठ्य तथा शैक्षिक सामग्री किन्न नसक्दा सिकाई उपलब्धि न्यून भएको पाईयो । दलित विद्यार्थीको सिकाई उपलब्धि कमजोर हुनु मुख्य जिम्मेवारी अभिभावक पाईयो । तल्लो तहमा कमजोर सिकाइ उपलब्धि भएकाले विद्यार्थीमा हिनताबोध उत्पन्न भएको पाइयो । अधिकांश दलित अभिभावकहरु निरक्षर तथा साक्षर मात्र भएकाले शैक्षिक चेतनाको कमी भई सिकाई उपलब्धिमा प्रभाव परेको पाइन्छ । अध्ययन पछि रोजगारीको ग्यारोन्टी नभएका कारण दलितहरु अध्ययनप्रति आकर्षित हुन सकेका छैनन् । परम्परागत सामाजिक वातावरण र दलित जातिको मनोभावना अध्ययनमा वाधक सरकारी क्षेत्रवाट दिईदै आएको छात्रवृत्तिको रकम समय सापेक्ष हुन नसकेको दलित प्रति राज्यको यथोचित ध्यान पुग्न नसकेको देखिन्छ ।

सुझावहरु विद्यालयहरुमा तहगत र विषयगत न्यूनतम शिक्षक दरवन्दिको व्यावस्था गरिनु पर्दछ । सम्पूर्ण शिक्षक तालिमप्राप्त वनाईनु पर्दछ । कक्षाको शिक्षण सिकाई कृयाकलाप बालकेन्द्रीत र व्यावहारिक हुनुपर्दछ । कक्षाको शिक्षण सिकाईमा दलित विद्यार्थीलाई विशेष ध्यान दिई अवसर दिईनुपर्ने विद्यार्थीलाई नियमित विद्यालय पढाउनु पर्दछ । दलित जातिका उत्थानका लागि सरकारी क्षेत्र र स्थानीय निकायवाट समेत एकीकृत विकास योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ । दलित समुदायमा शैक्षिक सचेतनात्मक कार्यक्रमहरु सघन रुपमा सञ्चालन गरिनु पर्दछ । दलित विद्यार्थीका अभिभावकहरुका लागि आय आर्जन तथा रोजगारीका अवसरहरु सृजना गरिनुपर्दछ । दलित समुदायका लागि अलग्गै प्याकेजका रुपमा सचेतनात्मक र गरिवी उन्मुलनका कार्यक्रम सरकारी क्षेत्रवाट सञ्चालन गरिनुपर्दछ । सरकारी क्षेत्रवाट वितरण गरिदै आएको छात्रवृत्तिको रकममा समय सापेक्ष वृद्धि गर्दै न्यूनतम रुपमा पनि पाठ्यसामग्री, क्षैक्षिक सामग्री, कापी, कलम र पोषाक व्यावस्था गर्न पुग्ने गरी दिईनुपर्दछ । नियमित रुपमा छोराछोरी विद्यालय पढाउने दलित अभिभावकलाई सार्वजानिक रुपमा सम्मान गर्ने कार्यक्रमहरु गरिनुपर्दछ । तल्लो तहदेखि नै उच्च सिकाइ उपलब्धि आउने गरी शिक्षण क्रियाकलापहरु सञ्चालन गरिनु पर्दछ ।

# विषय सूची

पृष्ठ संख्या

| | |
|---|---|
| सिफारिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञाता ज्ञापन | ग |
| शोध सार | घ |
| विषय सूची | ङ |
| तालिका सूची | च |
| चित्रसूची | छ |
| शंक्षिप्त शब्दावली | ज |
| **परिच्छेद एकः परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | |
| १.२ समस्याको कथन | ३ |
| १३ अध्ययनको औचित्य | ४ |
| १.४ अध्ययनको उद्देश्य | ४ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ४ |
| १.६ अध्ययनको परिसीमा | ५ |
| १.७ शब्दावलीको परिभाषा | ५ |
| **परिच्छेद दुईः साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ सैद्धान्तिक खाका | १२ |
| २.३ पुनरावलोकनको उपादेयता | १३ |

## परिच्छेद तीनः अध्ययनको विधि


३.१ अनुसन्धानात्मक ढाँचा १४

३.२ जनसंख्या १४

३.३ नमूनाको आकार १४

३.४ नमुना छनौट विधि १५

३.५नमुना छनौटको आधार १५

३.६ अनुसन्धानका साधनहरु १५

३.६.१ अभिलेख अध्ययन १५

३.६.२ प्रश्नावलि १६

३.६.३ निर्देशिका १६

३.७ तथ्याङ्कका स्रोतहरु १६

३.८ तथ्याङ्क संकलन विधि १७

३.९ तथ्याङ्क विश्लेषण विधि १८


## परिच्छेद चारः तथ्याङ्क व्याख्या र विश्लेषण


४.१ दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि अवस्था १९

४.१.१ दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि विवरण १९

४.१.२ दलित विद्यार्थीहरुको संख्या २१

४.१.३ दलित विद्यार्थीको विगत तीन वर्षको छ विद्यालयको औसत संख्या र प्रतिशत २३

४.२ सि. उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु २५

४.२.१ आर्थीक कारण २५

४.२.२ सामाजिक कारण २७

४.२.३ शैक्षिक कारण २७

४.२.४ अन्य कारणहरु २९
४.३ दलित विद्यार्थीको सि. उपलब्धिमा देखिएका समस्याहरु ३०
४.३.१ समस्याको खोज विधि ३०
४.३.२ समस्याहरुको विवरण ३०
४.३.३ समस्याहरुको उत्पत्ति ३१
४.४ दलित विद्यार्थीको सि. उ.मा देखिएका समस्या समाधानका उपायहरु ३१
४.४.१ तथ्याङ्क संकलित विधि ३१
४.४.२ समस्या समाधानका उपायहरु ३१
४.४.३ सैद्धान्तिक पुनरावलोकन ३२

**परिच्छेद-पांचः प्राप्ति, निष्कर्ष र सुझाबहरु**

५.१ प्राप्ति ३४
५.२ निष्कर्ष ३५
५.३ सुझाब ३७
सन्दर्भ सूची
अनुसूची

## तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| ४.१ | छनौटमा परेका विद्यार्थीको तीन वर्षको सिकाइ उपलब्धि विवरण | २० |
| ४.२ | भर्ना संख्या, परीक्षामा सम्मिलित संख्या | २२ |
| ४.३ | तीन वर्षको छ वटा विद्यालयको औसत संख्या र प्रतिशत | २३ |
| ४.४ | दलित अभिभावकहरुको आर्थीक अवस्था | २५ |
| ४.५ | दलित अभिभावकहरुको शैक्षिक अवस्था | २७ |


## चित्र सूची


| चित्र संख्या | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १. | औसत प्राप्ताङ्क विवरण | २४ |
| २. | दलित विद्यार्थीको तीन वर्षको भर्ना संख्या र प्रतिशत | २४ |
| ३. | दलित विद्यार्थीको तीन वर्षको औसत संख्या र प्रतिशत | २४ |
| ४. | दलित अभिभावकको आर्थिक अवस्था | २६ |
| ५. | दलित अभिभावकको शैक्षिक अवस्था | २८ |

# संक्षिप्त शब्दावली

यो अनुसन्धानमा उल्लेख गरिएका निम्न संक्षिप्त शब्दावलीहरुको अर्थ अन्यत्र जुनसुकै रुपमा प्रयोग भएता पनि यस अध्ययनको हकमा निम्न अनुसार हुने छ ।

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| वि.व्य.स. | विद्यालय व्यावस्थापन समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| सि.उ. | सिकाई उपलब्धि |
| जि.शि.स. | जिल्ला शिक्षा समिति |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| शा.अ. | शाखा अधिकृत |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| वि.नि. | विद्यालय निरिक्षक |